# दमाई जातिका बालबालिकाहरुको विद्यालय शिक्षामा सहभागिता

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र संकाय, पाठ्यक्रम तथा मूल्याङ्कन विषयको
स्नातकोत्तर तह (एम. एड.) दोस्रो वर्ष अन्तरगत शोध कार्यको आंशिक
आवश्यकता पूरा गर्नका लागि तयार पारिएको
शोधपत्र

प्रस्तुतकर्ता
जीवन बहादुर कुँवर
परिक्षा रोल नं. : २८००४०/०६७
त्रि.वि. दर्ता नं. : ९-२-३२७-४५८-२००५

त्रिभुवन विश्वविद्यालय
शिक्षाशास्त्र केन्द्रिय विभाग
कीर्तिपुर, काठमाडौं
२०६९

दमाई जातिका बालबालिकाहरुको विद्यालय शिक्षामा सहभागिता
पा.मू. ४०९
जीवन बहादुर कुँवर (२०६९)

**त्रिभुवन विश्वविद्यालय**

**शिक्षाशास्त्र केन्द्रिय विभाग**

**कीर्तिपुर, काठमाडौं**

## सिफारिस पत्र

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र केन्द्रिय विभाग किर्तिपुर, काठमाडौ स्नातकोत्तर तह दोस्रो वर्ष पाठ्यक्रम तथा मुल्याङ्कन विशिष्टीकरण विषयका छात्र *श्री जीवन बहादुर कुँवर* ले मेरो प्रत्यक्ष निर्देशनमा रही **"दमाई जातिका बालबालिकाहरुको विद्यालय शिक्षामा सहभागिता"** शीर्षकको शोधपत्र पत्र तयार गर्नु भएकोले उहाँको उक्त शोधपत्र प्रस्तावना लाई आवश्यक मूल्याङ्कनको लागि सिफारिस गर्दछु।

..............................

शोध निर्देशक

प्रा. स्वयंप्रकाश ज.व.रा.

मिति : 5 October, 2012

**त्रिभुवन विश्वविद्यालय**

**शिक्षाशास्त्र केन्द्रीय विभाग**

**कीर्तिपुर, काठमाडौं**

## स्वीकृति पत्र

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र केन्द्रीय विभाग, कीर्तिपुर स्नातकोत्तर तह दोस्रो वर्ष, पाठ्यक्रम तथा मूल्याङ्कन विशिष्टिकरण विषयको आंशिक आवश्यकता पूरा गर्नको लागि छात्र **जीवन बहादुर कुँवर** ले 'दमाई जातिका बालबालिकाहरूको विद्यालय शिक्षामा सहभागिता' शीर्षकमा तयार पार्नु भएको शोधपत्र स्वीकृतिको लागि सिफारिस भइ आएकोले यो शोधपत्र यस मूल्याङ्कन समितिबाट स्वीकृति प्रदन गरिएको छ ।

| मूल्याङ्कन समिति | हस्ताक्षर |
| --- | --- |
| **प्रा. स्वंयम प्रकाश ज.ब.रा.**<br>(विभागिय प्रमुख/शोध निर्देशक) | ......................... |
| शिवराज बडु<br>(बाह्य परीवेक्षक) | ......................... |
| किरण रञ्जितकार<br>(बाह्य परीवेक्षक) | ......................... |

मिति : 12 October, 2012

## कृतज्ञताज्ञापन

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र संकाय केन्द्रिय विभाग पाठ्यक्रम तथा मूल्याङ्कन मूल विषय अर्न्तगत स्नातकोत्तर तह द्धितीय वर्षको आंशिक आवश्यकता पूरा गर्न "दमाई जातिका बालबालिकाहरुको विद्यालय शिक्षामा सहभागिता" शीर्षकमा यो शोधपत्र प्रतिवेदन तयार पारिएको छ ।

यस शोधपत्र प्रतिवेदनको तयारीको क्रममा समय समयमा आफ्नो अमुल्य समय, नियमित सुपरीवेक्षण तथा मार्ग निर्देशन गरिदिनु भइ आवश्यक तथ्याङ्क संकलन प्रक्रिया तथा सन्दर्भ सामग्री संकलन गर्न र यस शोधपत्रको प्रारुप तयार पारी अध्ययन कार्यलाई सफल पार्न भरपुर सहयोग सरसल्लाह एवं कुशल निर्देशन प्रदान गर्नु हुने आदरणीय गुरु तथा शोध निर्देशक प्रा. स्वयम् प्रकाश ज.व.रा. ज्यू प्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । यसैगरी यो शोधपत्र लेखन कार्यमा सहयोग पुऱ्याइदिनुहुने प्राध्यापकज्यूहरु श्री कीरणराम रञ्जितकार, शीवराज बढू, श्रीमती यशोधरा पन्त, विश्ववाला थापा लगायत अन्य गुरुहरुप्रति हार्दिक आभार प्रकट गर्दछु ।

यस अध्ययनको लागी सुचना संकलन गर्नमा आवश्यक सहयोग गर्ने श्री जल्पादेवी प्रा.वि., श्री कृष्ण प्रा.वि., हिमालय मा.वि. र श्री जनकल्याण प्रा.वि.का साथै उक्त विद्यालयहरुमा अध्ययन अध्यापन गराउने शिक्षक तथा विद्यार्थीहरुलाई हृदय देखिनै  हार्दिक आभार व्यक्त गर्न चाहन्छु । यसका साथै प्रस्तुत अध्ययन अनुसन्धानका लागि आवश्यक रुपमा उच्च शिक्षा हाँसिल गराउन आर्थिक एवं अन्य सहयोग गर्नुहुने मेरा घरपरीवार प्रति पनि धन्यवाद दिन चाहन्छु । त्यस्तै सुचना संकलन गर्नको लागी सहयोग गर्नुहुने जतिपनि अभिभावकहरु प्रति आभार प्रकट गर्न चाहन्छु । यस शोधकार्य सम्पादनको शिलशिलामा सहयोग गर्ने मित्रहरु सुरेन्द्र कुँवर, योगेन्द्र विष्ट, प्रकाश सापकोटाहरु प्रति आभारी छु ।

अन्तमा शोधपत्रलाई कम्प्युटर टाइप गरी सहयोग पुऱ्याउनु हुने जि.के. साइबर कीर्तिपुर र गोविन्द भण्डारीलाई पनि धन्यवाद दिन चाहन्छु ।

जीवन बहादुर कुँवर

शोधकर्ता

२०६९ आश्विन

# शोधसार

प्रस्तुत शोधकार्यको क्रममा अछाम जिल्ला नवाठाना गा.वि.स. र मष्टामाण्डौ गा.वि.स.का सामुदायिक प्राथमिक तहमा अध्ययन गर्ने दमाई जातिका बालबालिकाहरुको विद्यालय शिक्षामा सहभागिताको एक अध्ययन गरिएको थियो । दमाई जातिका बालबालिकाहरुको विद्यालय तहको शिक्षामा सहभागिताको स्थिति कस्तो छ ? यस जातिका बालबालिकाहरुको विद्यालयमा भर्ना दर के कति छ ? दमाई जातिका बालबालिकाहरुले प्राथमिक तहको विद्यालय छोड्ने, कक्षा दोहोऱ्याउने, नियमित रुपमा विद्यालय नआउने जस्ता कारणहरु पत्ता लगाउनु यस शोधकार्यको केन्द्रविन्दु हो ।

हिन्दू धर्मको आधारमा विभिन्न जाति जसलाई तल्लो जाति भनिन्छ त्यसैलाई दलित भन्ने गरिन्छ । यो परम्परागत गलत मानसिकताको उपज हो । दलित भनेर सम्बोधन गर्ने हाम्रो रुढिवादी अन्धविश्वास हो जो सदियौँ देखि हाम्रो मानसिकतामा बसिसकेको छ । जसले गर्दा दलितहरु आजको युगमा आइपुग्दा पनि शिक्षा जस्तो आधारभूत अधिकार पाउनबाट वञ्चित छन् । नेपालमा दलित भनेर भन्ने गरिएका १३.०९% जनताहरु बसोबास गर्दछन् । नेपाल अधिराज्यको संविधान २०४७ मा उल्लेख भए अनुसार दलित भन्नाले "आर्थिक, सामाजिक, शैक्षिक र राजनीतिक रुपबाट पिछडिएको वर्ग भनेर परिभाषित गरिएको छ । दलितलाई विभिन्न व्यक्ति संघसंस्थाले भिन्ना भिन्नै रुपमा परिभाषित गरेका छन् । त्यस्तै दलित उत्थान र संरक्षण सम्बन्धित विधेयक २०५९ का अनुसार दलित भन्नाले "समाजमा छुवाछुतको भेदभावबाट पिडित भई आर्थिक रुपमा शोषित, राजनीतिक रुपमा पछाडी परेका, धार्मिक, साँस्कृतिक व्यवहारबाट अलग्याएका व्यक्तिहरुलाई दलित भनेर भन्ने गरेको पाइन्छ । नेपालमा विभिन्न जात-जातिका दलितहरु छन् जस्तै : सार्की, दमाई, कामी, वादी, गाइने, सुनार, चुनार, वान्तर, चनार, डुम, धोवी, लोहार, मुसहर, सतार, कसै, पोडे, पासवान, झागर, सुचिकार, नगर्चि, टुड्के, ओड, पार्की, टमटा, चर्मकार, मुल आदी । यि विभिन्न जातजातिका आ-आफ्नै संस्कृति, परम्परा, रितिरिवाज रहेका छन् । यि जातजाति मध्ये दमाई पनि अन्याय र उत्पीडनको चपेटामा पिल्सिएको जाति हो । मानव सभ्यताको विकास सँगसँगै शिक्षाका विकास भएको भएता पनि नेपालका दलित वर्ग अझै पनि शिक्षा जस्तो नागरिकको आधारभूत अधिकारबाट वञ्चित हुनु परेको छ ।

दमाई समुदायको शिक्षामा सहभागिता एक अध्ययन विषयक यस अनुसन्धान कार्यमा प्राथमिक तथा द्वितीय स्रोतहरुबाट प्राप्त तथ्याङ्कहरुलार्य परिमाणात्मक र गुणात्मक रुपमा विश्लेषण गरी निष्कर्ष निकालिएको थियो । प्रस्तुत शोध कार्यका लागि अछाम जिल्ला नवाठाना गा.वि.स. र मष्टामाण्डौ गा.वि.स.का सामुदायिक प्राथमिक विद्यालयलाई अध्ययनको जनसंख्याको रुपमा लिएको छ भने नवाठाना र मष्टामाण्डौ गा.वि.स.का चार वटा प्राथमिक विद्यालय जहाँ दमाई बालबालिकाहरु अध्ययन गर्ने विद्यालयलाई गुणात्मक र परिमाणात्मक अध्ययन विधिद्वारा अध्ययन गरिएको थियो । यसका लागि नमूना छनौटमा परेका चारवटा सामुदायिक प्राथमिक विद्यालयहरुबाट कक्षा ५ बाट ४, कक्षा ४ बाट ४, कक्षा ३ बाट ४ जना गरी जम्मा ४० जना दमाई जातिका बालबालिकाहरु छनौट गरिएको थियो । त्यसैगरी ४ वटा विद्यालयबाट २/२ जना शिक्षक शिक्षिका गरी जम्मा ८ जना शिक्षक शिक्षिकालाई समावेश गरिएको

थियो । त्यसैगरी ४ वटै विद्यालय क्षेत्रबाट १०/१० जना दमाई अभिभावकबाट गरी जम्मा ४० जना अभिभावक उद्देश्यमूलक नमूना छनौट विधिद्वारा प्राथमिक तथ्याङ्कको रुपमा समावेश गरिएको थियो ।

यस शोधकार्यका क्रममा शिक्षक, विद्यार्थी, अभिभावक र शिक्षाप्रेमी लगायत सरोकारवालाहरुसँग प्रत्यक्ष भेटघाट, अन्तरवार्ता, प्रश्नावली आदीबाट प्राप्त सूचना एवं जानकारीहरुलाई गुणात्मक अध्ययन विधिद्वारा व्याख्या गरिएको छ भने परिमाणात्मक तथ्याङ्कहरुलाई तालिकीकरण र प्रतिशतको उपयोग गरी व्याख्या एवं विश्लेषण गरिएको थियो ।

यसरी नवाठाना र मष्टामाण्डौ गा.वि.स. अन्तरगत दमाई समूदायको बस्ती भएका क्षेत्रमा सामुदायिक प्राथमिक विद्यालयहरुमा दमाई जातिका बालबालिकाहरुको भर्ना र औसत उपस्थिति कम पाइयो । विद्यालयमा दमाई जातिका बालबालिकाहरुको भर्ना औसत उपस्थिति कम हुनुमा आर्थिक, सामाजिक, पारिवारिक तथा साँस्कृतिक आदी कारणहरु देखियो । छनौट गरिएका विद्यालयहरुमा प्राथमिक तहका दमाई जातिका बालबालिकाहरुको विचैमा कक्षा छोड्ने दर (१०.१०%), कक्षा दोहोऱ्याउने दर (२४.७४) देखियो । दमाई जातिका बालबालिकाहरुको भर्नादर हेर्दा प्राथमिक तह अन्तरगत कक्षा १ मा भर्ना भएका बालबालिकाहरुमध्ये कक्षा ५ सम्म पुग्ने दमाई विद्यार्थीको दर (५८.८२%) देखियो जुन अन्य जातिका बालबालिकाहरुको तुलनामा कम पाइयो । त्यस्तै प्राथमिक तटहका दमाई जातिका बालबालिकाहरुले कक्षा छोड्ने, दोहोऱ्याउने, तथा विद्यालयमा सहभागितामा कमि हुनाका कारणहरु आर्थिक समस्या, अभिभावकहरुको चेतनामा कमी कृषि कार्यमा संलग्नता, घरायसी काममा व्यस्तता, विद्यालयमा पढ्ने उचित वातावरणको अभाव, अन्धविश्वास भाषागत समस्या आदी रहेको पाइयो ।

यसरी नवाठाना गा.वि.स. र मष्टामाण्डौ गा.वि.स.मा दमाई जातिका बालबालिकाहरुको विद्यालयमा भर्ना तथा उपस्थिति कम देखिएकोले प्राथमिक शिक्षाको आवश्यकताका बारेमा समाजका प्रतिष्ठित व्यक्ति, अभिभावकहरुलाई शिक्षाप्रति अभिप्रेरित हुने खालका चेतनामूलक कार्यक्रमहरु गोष्ठी, सेमीनार, छलफल सञ्चालन गर्नुपर्ने देखिन्छ । दमाई जातिका बालबालिकाहरुको उत्तिर्ण प्रतिशत कम देखिएकोले उत्तिर्ण प्रतिशत बढी गराउन विद्यार्थीहरुलाई प्रशंसापत्र तथा पुरस्कारको व्यवस्था विद्यालयले गर्नुपर्दछ । यसका साथै नियमित रुपमा कक्षामा उपस्थिति हुन विद्यार्थीहरुलाई थप आन्तरिक कक्षा अनिवार्य रुपमा सञ्चालन गर्नुपर्ने देखिन्छ । विद्यालयमा दमाई छात्रको भन्दा छात्राको भर्ना दर कम भएकोले साधारण विद्यालयमा कम्तिमा १ महिला शिक्षिकाको व्यवस्था गर्नुपर्ने देखिन्छ । त्यस्तै सरकारी तथा गैरसरकारी संस्थाहरुले बढी सक्रिय भई दमाई जातिको आर्थिक पक्षमा टेवा पुऱ्याउने खालका कार्यक्रमहरु गर्नुपर्ने देखिन्छ ।

यसरी यस अध्ययनले दमाई जातिका बालबालिकाहरुको शैक्षिक अवस्था अत्यन्तै न्यून देखाएको छ । जुन दलित समुदाय लगायत समग्र देशकै लागि दुर्भाग्यको कुरा हो । त्यसैले दलित बालबालिकाको शिक्षामा सहभागिता बढाउन उनीहरुको आर्थिक स्थिति बृद्धि गर्नुपर्ने, अभिभावकहरुलाई जनचेतना जगाउनु पर्ने, विद्यालयमा हुने अतिरिक्त क्रियाकलापमा सहभागिता बृद्धि गराउनुपर्ने, छात्रवृत्तिमा बृद्धि गर्नुपर्ने र दलित विद्यार्थीहरुलाई पनि अन्य जातिका विद्यार्थी सरह समान व्यवहार गरिनुपर्ने देखिन्छ ।

# विषय सूची


पृष्ठ

**परिच्छेद एक : परिचय**

१.१ पृष्ठभूमि १

१.२ समस्याको कथन ५

१.३ अनुसन्धानात्मक प्रश्नहरु ५

१.४ अध्ययनको औचित्य ६

१.५ अध्ययनको उद्देश्य ७

१.६अध्ययनको सीमा ७

**परिच्छेद दुई : सम्बन्धित साहित्यको पुनरावलोकन**

२.१ शैद्धान्तिक साहित्यको संरचना/पुनरावलोकन ८

२.२ सम्बन्धित साहित्यको पुनरावलोकन १३

२.३ जातीय विभेद तथा छुवाछुत विरुद्धका संवैधानिक तथा कानूनी व्यवस्था १३

  २.३.१ नयाँ मुलुकी ऐन २०२० १४

  २.३.२ नेपाल अधिराज्यको संविधान २०४७ १४

  २.३.३ नेपालको अन्तरिम संविधान २०६३ १५

२.४ अवधारणात्मक ढाँचा १६

**परिच्छेद तीन : अध्ययन विधि**

३.१ अनुसन्धान ढाँचा १७

३.२ नमूना छनौट १७

  ३.२.१ विद्यालय छनौट १८

  ३.२.२ शिक्षक शिक्षिका छनौट १८

  ३.२.३ अभिभावक छनौट १८

  ३.२.४ विद्यार्थीको छनौट १९

३.३ तथ्याङ्क संकलनका स्रोतहरु १९

  ३.३.१ प्राथमिक तथ्याङ्क स्रोत १९

  ३.३.२ सहायक तथ्याङ्क १९

३.४ तथ्याङ्क संकलनका साधनहरु २०

३.५ तथ्याङ्क संकलन प्रक्रिया २१

३.६ तथ्याङ्क विश्लेषण र विवेचना २१

**परिच्छेद चार : तथ्याङ्कको व्याख्या र विश्लेषण**

४.१ दमाई जातिका बालबालिकाहरुको विद्यालय शिक्षामा सहभागिताको स्थिति २२

४.१.१ दमाई जातिका बालबालिकाको भर्ना अनुपात २३

४.१.२ दमाई जातिका केटाकेटीहरुको उमेरगत अवस्था २४

४.१.३ कक्षागत रुपमा दमाई जातिका बालबालिकाको भर्ना अनुपात २५

४.१.४ प्राथमिक तहमा दमाई छात्रछात्राहरुको औसत उपस्थिति २६

४.१.५ नमूना छनौटमा परेका दमाई जातिका बालबालिकाहरुको कक्षा छाड्ने दर २८

४.१.६ नमूनामा परेका दमाई जातिका बालबालिकाहरुको कक्षा दोहोऱ्याउने अवस्था २९

४.२ दमाई जातिका बालबालिकाहरुले कक्षा दोहोऱ्याउने, कक्षा छोड्ने प्रमुख कारणहरुको शिक्षक अभिभावकहरुको प्रतिक्रिया ३०

४.२.१ दमाई जातिका बालबालिकाको भर्नादर राम्रो भए नभएको बारेमा शिक्षकको प्रतिक्रिया ३२

४.२.२ दमाई बालबालिकाहरुले विचैमा कक्षा छोड्ने प्रमुख कारणहरु ३३

४.२.३ दमाई बालबालिकाहरु विद्यालयमा उपस्थिति नहुने कारणहरुबारे अभिभावक र शिक्षकहरुको प्रतिक्रिया ३४

४.२.४ दमाई जातिका बालबालिकाहरुलाई नियमित उपस्थित गराउने बारे शिक्षकसँग प्रतिक्रिया ३५

४.३ दमाई बालबालिकाहरुको विद्यालय शिक्षामा सहभागिता कमी हुनाका कारणहरु ३६

४.४ कक्षा १ मा भर्ना भएका मध्ये कक्षा ५ सम्म पुग्ने दमाई समुदायका बालबालिकाको विवरण ३७

**परिच्छेद पाँच : प्राप्ति, निष्कर्ष र सुझावहरु**

५.१ प्राप्ति ३९

५.२ निष्कर्ष ४३

५.३ सुझावहरु ४५

**सन्दर्भ सूचि** ४८

अनुसूची १ छनौटमा परेका विद्यालयका शिक्षक शिक्षिकाहरुको नामावली ५०

अनुसूचि २ छनौटमा परेका अभिभावकहरुको नामावली, २०६९ ५१

अनुसूचि ३ छनौटमा परेका विद्यालयहरुका विद्यार्थीहरुको नामावली, २०६९ ५३

अनुसूचि ४ कक्षा अवलोकन फारमको नमूना ५५

अनुसूची ५ अध्ययन क्षेत्रभित्रका सम्पूर्ण विद्यालयहरुको कक्षा १-५ सम्मका दमाई विद्यार्थीहरुको भर्नादर, कक्षा छाड्ने र दोहोर्‍याउने विवरण २०६८ ५६

अनुसूचि ६ शिक्षकका लागि अन्तर्वार्ता सूची ५७

अनुसूचि ७ विद्यार्थीका लागि अन्तर्वार्ता सूची ५८

अनुसूचि ८ अभिभावकका लागि अन्तर्वार्ता सूची ५९

## तालिका सूची

| | | पृष्ठ |
|---|---|---|
| ४.१ | दमाई जातिका बालबालिकाको भर्ना अनुपात | २३ |
| ४.२ | दमाई बालबालिकाहरुको उमेरगत अवस्था | २४ |
| ४.३ | कक्षागत रुपमा दमाई जातिका बालबालिकाको भर्ना अनुपात | २५ |
| ४.४ | प्राथमिक तहमा दमाई र अन्य विद्यार्थीहरुको औषत उपस्थिति | २७ |
| ४.५ | दमाई जातिका बालबालिकाहरुको कक्षा छोड्ने दर (शैक्षिक शत्र २०६८) | २८ |
| ४.६ | दमाई जातिका बालबालिकाहरुको कक्षा दोहोर्‍याउने विवरण | २९ |
| ४.७ | दमाई जातिका अभिभावकहरुले बालबालिकाको भर्ना नगरिदिएको बारेमा प्रतिक्रिया | ३१ |
| ४.८ | दमाई बालबालिकाहरुको भर्नादर बारेमा शिक्षकहरुको प्रतिक्रिया | ३२ |
| ४.९ | दमाई जातिका बालबालिकाहरुले विद्यालय छाड्ने प्रमुख कारणहरुबारे शिक्षक, विद्यार्थी र अभिभावकको प्रतिक्रिया | ३३ |
| ४.१० | दमाई बालबालिकाहरु दैनिक रुपमा विद्यालय शिक्षामा उपस्थिति नहुने कारणहरुबारे शिक्षक अभिभावकको प्रतिक्रिया | ३५ |
| ४.११ | दमाई बालबालिकाहरु विद्यालय शिक्षा सहभागितामा कमि हुनाका कारणहरुबारे शिक्षक अभिभावक र विद्यार्थीहरुको प्रतिक्रिया | ३६ |
| ४.१२ | कक्षा १ मा भर्ना भएका मध्ये कक्षा ५ सम्म पुग्ने दमाई समुदायका बालबालिकाको विवरण | ३८ |